का.जि.प्र.का.द.नं. १००/०५९/६०

५ मंसिर २०८०,
मंगलबार
21 November 2023,
Tuesday

मूल्य रु. ५/-

# मध्याह्न
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक २८६ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com



# दुई दशकदेखि न्यायको पर्खाइ

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, ४ मंसिर ।

प्रतिनिधिसभा सदस्य मैना कार्की द्वन्द्वपीडित हुन् । मुलुकमा दशक लामो चलेको सशस्त्र द्वन्द्वका क्रममा उनका श्रीमानलाई तत्कालीन बिद्रोही नेकपा माओवादीले सुराकी गरेको आरोपमा हत्या गरेको थियो । श्रीमानको हत्यापछि तहसनहस भएको उनको परिवार शान्ति प्रक्रियापछि पनि राजनीतिमा जोडिइरह्यो । तर, बितेका १८ वर्षमा मैनाले बाँच्नुपरेको जीवन र भोग्नुपरेका सामाजिक, पारिवारिक र राजनीतिक अप्ठ्याहरू भनि साध्य छैनन् ।

'न्यायको पर्खाइ अत्यासलाग्दो हुने रहेछ । हत्याको क्षेतिपुर्ति त के हुन्छ र ! तथापि, पीडकले सजाय पायो वा यो विषय सम्बोधन भयो भन्ने कुराले पीडितलाई ठूलो राहत मिल्छ' कार्की भन्छिन् । हाल प्रतिनिधि सभा सदस्य रहेकी द्वन्द्वपीडित कार्की संक्रमणकालीन न्याय चाँडो टुंगियोस् भन्नेमा छिन् । यो विषयले अपेक्षित गति लिन नसककोमा पनि उनको दुखेसो छ ।

> विस्तृत शान्ति सम्झौताको दुई दशक हुन लाग्दा समेत द्वन्द्व पीडितहरुले न्यायको आश मारेका छैनन् । साथमा, पर्खाइको सीमा नलम्ब्याउन र सहनशीलताको पर्खाल नभत्काउन भनिरहेका छन् ।

२०७९ फागुन २५ गते प्रतिनिधि सभामा दर्ता भएको विधेयक प्रतिनिधि सभाको कानुन न्याय तथा मानव अधिकार समितिमा बिचाराधीन छ । प्रतिनिधि सभाको अघिल्लो कार्यकालमा आएको विधेयक संसदले पारित गर्न नसक्दा प्रतिनिधि सभाको कार्यकाल सकिएर स्वतः निश्कृय भएको थियो । समयमै कानुन नबनेका कारण पीडितहरु पीडामै रहन बाध्य छन् ।

नेपाल सरकारका तर्फबाट तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र माओवादीका तर्फबाट अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डबीच विसं २०६३ मंसिर ५ गते विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गर्दै दसवर्षे सशस्त्र संघर्ष अन्त्य भएको घोषणा गरिएको थियो । त्यसबेला देखि नै संक्रमणकालीन न्यायको प्रक्रिया शुरू भएको हो । तर, यतिका वर्षसम्म संक्रमणकालीन न्यायको विषय सरकार र राजनीतिक दलहरुको प्रतिवद्धतामा सीमित छ । पीडकले सजाय र पीडितले न्याय पाइरहेका छैनन् ।

नयाँ बानेश्वरस्थित त्यति बेलाको वीरेन्द्र अन्तरर्राष्ट्रिय सम्मेलन केन्द्रमा तत्कालीन गृहमन्त्री कृष्णप्रसाद सिटौलाले शान्ति सम्झौताको पूर्ण विवरण पढेर सुनाउने क्रममा विसं '२०५२ देखि चलिआएको सशस्त्र संघर्ष विधिवत रूपमा समाप्त भएको घोषणा गर्दछौं भनी वाचन गर्दा सभास्थल करतल ध्वनिले गुञ्जायमान भएको थियो । पृष्ठ २ मा

# सम्भावित दुर्घटना रोक्न निषेधित क्षेत्र

परस्पर विरोधी समूहको प्रदर्शन एकै ठाउँमा हुन नदिन र सम्भावित दुर्घटना रोक्न सरकारले माइतीघरलाई निषेधित क्षेत्र तोकेको हो ।



**अस्मिता बम / मध्यान्ह**
काठमाडौं, ४ मंसिर ।

माइतीघर मण्डला संघीय राजधानी काठमाडौंको बीचमा अवस्थित एक खुला ठाउँ हो । जहाँ दैनिकजसो मानिसहरु स-साना राजनीतिक जमघट देखि ठूला आन्दोलनको प्रदर्शन गर्न र सरकारको ध्यानाकर्षण गराउन पुग्दछन् । कुनै राजनीतिक दल तथा विभिन्न संघसंस्थाहरूले सरकारसँग आफ्नो कुनै माग तथा विचार भएमा माइतीघर मण्डलाकै उपयोग गरी प्रचारबाजी गर्ने गर्दछन् ।


यसले कतिपय अवस्थामा सवारीसाधान आवागमनलाई असर पुऱ्याउँदथ्यो भने प्रदर्शनकारीको नाराबाजीले केही होहल्ला पनि । तर, दुई परस्पर विरोधी समूहको प्रदर्शन र त्यसका क्रममा हुन सक्ने सम्भावित जोखिमलाई ध्यानमा राखेर सरकारले माइतीघरदेखि बानेश्वर ३० दिनका लागि निषेधित क्षेत्र घोषणा गरेको छ । जिल्ला प्रशासन कार्यालय काठमाडौंले माइतीघर मण्डलादेखि नयाँ बानेश्वर चोकसम्मको सडक क्षेत्रलाई निषेधित क्षेत्रका रुपमा घोषणा गरेको हो ।

काठमाडौंका प्रमुख जिल्ला अधिकारी जितेन्द्र बस्नेतका अनुसार ३० दिनका लागि सो क्षेत्रलाई निषेधित क्षेत्र घोषणा गरिएको छ । मंसिर ७ को प्रदर्शनलाई मध्यनजर गर्दै उक्त क्षेत्रलाई निषेधित घोषणा गरेको हो । स्थानीय प्रशासन ऐन २०२८ अनुसार सो क्षेत्रलाई निषेधित क्षेत्र घोषणा गरिएको हो । सो क्षेत्रमा ३० दिनसम्म ५ जनाभन्दा बढी भेला हुन जुलुस र प्रदर्शन गर्न रोक लागेको छ । मंसिर ७ मा नेकपा एमाले निकट युवा विद्यार्थी र मेडिकल व्यवसायी दुर्गा प्रसाईंले प्रदर्शन गर्ने र झडपको सम्भावना भएपछि प्रशासनले यस्तो निर्णय गरेको हो । स्थानीय प्रशासनका अनुसार निषेधित क्षेत्रमा पद्ममोदयमोडदेखि सिंहदरबार पश्चिम गेट, सर्वोच्च अदालत हुँदै माइतीघर मण्डलाको चारैतिर तथा बबरमहल, बिजुलीबजार र नयाँ बानेश्वरचोकसम्मलाई निषेधित क्षेत्र तोकिएको छ ।

राज्यको ध्यानाकर्षण गराउने थलो भएका कारण माइतीघरमा हुने प्रदर्शन र होहल्लाको पनि जनस्तरबाट स्वागत हुन्छ । किनभने सरकारलाई आफ्नो कुरा सडकबाट सुनाउने थलो हो । तर, परस्पर विरोधी समूहको प्रदर्शन एबै ठाउँमा हुन नदिन र सम्भावित दुर्घटना रोक्न सरकारले माइतीघरलाई निषेधित क्षेत्र तोकेको हो ।

निषेधित क्षेत्र तोकिएपछि एमालेको युवा संघ र अनेरास्ववियुले मंसिर ७ मा आयोजना गरेको प्रदर्शनको स्थान पृष्ठ २ मा

# पुनर्निर्माणमा दलीय स्वयंसेवक



**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ मंसिर ।

भूकम्प प्रभावित क्षेत्र जाजरकोट र रुकुम पश्चिममा पुनर्निर्माणका लागि दलीय स्वयंसेवक पुगेका छन् । बिभिन्न दलले निर्णय नै गरेर स्वयंसेवक पठाएका हुन् ।

एमालेका २८ समूहमा ११ सय स्वयंसेवक परिचालित भएका छन् । स्वयंसेवकहरूले भूकम्पले भत्काएका घरभित्रका सामानहरू निकाल्ने, भग्नावशेष पन्छाउने र अस्थायी घरटहरा बनाउनका लागि जमीन सम्याउने जस्ता काम शुरू गरेका छन् ।

कात्तिक १७ गते राति गएको भूकम्पबाट प्रभावित जाजरकोट र रुकुम पश्चिममा भएको भौतिक संरचनाको भग्नावशेष हटाउन र अस्थायी बसोबास निर्माणका लागि पार्टी केन्द्रको तर्फबाट एकहजार र प्रदेशका एकसय गरी ११ सय स्वयंसेवक खटिएका हुन् । त्यसमध्ये जाजरकोटमा सातसय र रुकुमपश्चिममा चारसय स्वयमसेवक परिचालन भएका हुन् । यसैगरी, नेपाली कांग्रेसले भूकम्प प्रभावितका एक हजार घर बनाउन दक्ष जनशक्ति परिचालन गर्ने निर्णय गरेको छ । सभापति शेरबहादुर देउवा निवास धुम्बाराहीमा सोमबार विहान बसेको बैठकले एक हजार घर बनाउन दक्ष जनशक्तिको टोली परिचालन गर्ने निर्णय गरेको हो ।

प्रभावित क्षेत्रमा भिडभाड नहुने गरी दक्ष जनशक्ति सहितको टोली पठाउने महामन्त्री गगन थापाले जानकारी दिए । त्यसका लागि केन्द्रीय सदस्य प्रदीप पौडेलको नेतृत्वमा पहिलो टोली सोमबार नै भूकम्प प्रभावित क्षेत्रमा गएको छ । पदाधिकारी बैठकको सुरुमा उपसभापति एवं रक्षामन्त्री पूर्णबहादुर खड्काले सरकारले भूकम्प प्रभावितका लागि सरकारले हालसम्म गरेका कार्यको ब्रिफिङ गरेका थिए । महामन्त्रीको संयोजकत्वमा पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# गुरुङ कार्यदललाई श्रम मन्त्रालयको दुईमहिने कार्यादेश

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ मंसिर

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले श्रम विज्ञ डा. गणेश गुरुङको संयोजकत्वमा गठन गरेको विज्ञहरुको कार्यदलले अध्ययन प्रारम्भ गरेको छ । मन्त्रालयले तिहारअघि डा. गुरुङको संयोजकत्वमा एक विज्ञ समूहको समिति गठन गरेको थियो । समितिमा डा. केशव बस्याल, मञ्जु गुरुङ, प्रतिमा शर्मा र जुना माथेमा सदस्य रहेका छन् । श्रम मन्त्रालयको प्रशासन शाखाका उप-सचिवलाई सदस्य सचिवको जिम्मेवारी दिइएको छ ।

सोमबार संयोजक डा. गुरुङ नेतृत्वको विज्ञ समूहले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीसँग अध्ययनको कार्यादेश र समयावधिका बारेमा छलफल गरेको छ । छलफलमा डा बस्याल बाहेक सबै सहभागी रहेका थिए ।

समिति सदस्य मञ्जु गुरुङले अध्ययन प्रतिवेदन तयार गर्न समितिलाई मन्त्रालयबाट शुरुमा दुई महिनाको अवधि दिइएको मध्यान्ह दैनिकलाई जानकारी दिइन् । अध्ययन नसकिएको अवस्थामा समय थप हुनेछ । मन्त्रालयले श्रम आप्रवासनका विभिन्न चरणमा गर्नुपर्ने सुधारका लागि प्रतिवेदन पृष्ठ २ मा

## बोर्ड सचिवालयद्वारा छात्रवृत्तिका लागि दरखास्त आह्वान

**काठमाडौं / मस–** वैदेशिक रोजगार बोर्डको सचिवालयले वैदेशिक रोजगार सन्तति छात्रवृत्तिका लागि दरखास्त आह्वान गरेको छ । बोर्डले श्रम स्वीकृति लिइ वैधानिकरुपमा वैदेशिक रोजगारमा गइ करार अवधिभित्र मृत्यु भएका, पूर्णरुपमा अशक्त वा गम्भीर बिरामी अवस्थामा रहेका कामदारको छोराछोरीका लागि छात्रवृत्ति प्रदान गर्ने गरेको छ ।

सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यालयस्तर (पूर्व प्राथमिक कक्षा वा नर्सरी वा सो सरहदेखि कक्षा १२ सम्म)का १८ वर्षमुनीका बालबालिकाहरुले छात्रवृत्ति पाउने गरेका छन् । बोर्डले वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन कार्यविधि २०८० अनुसार आगामी पुस ८ गतेभित्र निवेदन दिन सकिने बताएको छ ।

श्रम स्वीकृति लिइ वैदेशिक रोजगारमा गइ मृत्यु वा अंगभंग वा बिरामी भइ वैदेशिक रोजगार बोर्डबाट शतप्रतिशत आर्थिक सहायता लिएका कामदारका छोराछोरीले पृष्ठ २ मा




UAE मा महिलाहरुलाई नि:शूल्क रोजगारको अवसर
खाना, बस्न सुविधा सहित नि:शूल्को तालिमको व्यवस्था

BHARAT THAKUR'S ARTISTIC YOGA Since 1999
Company Name: B T A Yoga Center L.L.C.





www.artisticyoga.com

पूर्व स्वीकृती मिति: २०८०/०८/०१ | चलानी नं.: ६०२१०१६८ | LT.No. 294932

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | AED. | ने.रू. | | | | | | | |
| १. | Sports Trainer | 00 | 06 | SLC Passed | 2000 | ७२,६०१/- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | | २ बर्ष |

- The applicant must be passed SLC or equivalent.
- Age between 20-28 years old.
- Company will provide Free training in Haridwar, India for 6 months, during training period candidates will get free food and accommodation with medical & mobile facilities.

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क |

अन्तरवार्ता २०८० मंसिर १२, १३ र १४ गते (28, 29 & 30 Nov., 2023) यस प्रा. लि. को कार्यालयमा हुनेछ ।


बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

UIMPL
यूनाईटेड ईन्टरनेशनल म्यानपावर प्रा. लि.
श्रम ईजाजत नं.: ४३४/०६०/०६१
पुल्चोक, ललितपुर, नेपाल, फोन.: ०१-५१५३३३०, ५१५३३३२, ९८१८३९८८२०, ९८०१०३६२४९
Web: www.uimpl.com.np | Email : documentunitedmanpower434@gmail.com

मध्यान्ह
www.madhyanhadaily.com
५ मंसिर २०८०, मंगलबार
21 November 2023, Tuesday

### कृष्णनगरमा रोकिए २५ मालवाहक गाडी
# भन्सार अधिकृतले मनोमानी गरेको भन्दै व्यवसायी आन्दोलित

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, ४ मंसिर



कपिलवस्तुको कृष्णनगर भन्सार कार्यालयले २५ वटा फलफूल तथा तरकारी बोकेको मालवाहक गाडी रोकेपछि व्यवसायीहरु आन्दोलित भएका छन् ।

भन्सारले करिब १ सय ७५ टन कच्चा फलफूल तथा तरकारी बोकेको ट्रक, पिकअप रोकेको छ । गाडीमा सुन्तला, टमाटर, सिमला मिर्च, भिन्डी, गोभी, आलु, मेवा र खुर्सानी लोड गरिएको छ ।

फलफूल व्यवसायी अहमद इसरारले भारतबाट फलफूल तथा तरकारी बोकेर आएको मालवाहक गाडीहरुलाई भन्सार कार्यालयका कर्मचारीले रोकेको बताए । उनले भन्सारका कर्मचारीले अनावश्यक मनोमानीले ती गाडीहरु रोकेको आरोप लगाए । कर्मचारीको मनोमानी ढंगले रोकिँदा व्यापारीहरुको ठूलो नोक्सानी हुने उनको भनाइ छ ।

व्यवसायी अहमदका अनुसार कृष्णनगर भन्सार कार्यालयमा सोमबार बिहान १० बजे फलफूल तथा तरकारी बोकेको ट्रक पिकअपहरु भारतबाट ल्याएको र नियमानुसार रीत पुऱ्याई भन्सार पास गरी काठमाडौं फलफुल तथा तरकारी बजारमा मंसिर ५ गते बिहानसम्म पुऱ्याएर बिक्री गर्ने लक्ष्य राखिएको थियो ।

भन्सार अधिकृत करवीर गैरेको मनोमानीले भन्सारबाट ट्रक पिकअपहरु पास नहुँदा भारतबाट ल्याएको कच्चा फलफुल तथा तरकारी ४० प्रतिशत कुहिएर नोक्सानी हुन सक्ने व्यवसायी अहमदले बताए ।

सुनौली भन्सार कार्यालयबाट सरुवा भई कृष्णनगर भन्सार कार्यालयमा आएका भन्सार अधिकृत गैरले फलफूल तथा तरकारी व्यवसायीहरुलाई दु:ख दिने गरेको व्यवसायीहरुको आरोप छ। व्यवसायी अहमदले ती सामान बोकेको गाडीहरुलाई भन्सारमा बिना कारण भन्सार कर्मचारीले रोकेको आरोप लगाए । फलफूल र तरकारीको तौलको विषयमा तरकारी, फलफुल व्यवसायी र भन्सार अधिकृत गैरेबीच विवाद भएको छ । विवाद भएपछि तरकारी र फलफूल लोड गरिएको सवारी भन्सार कार्यालयभित्रै राखेर व्यवसायीहरु विरोधमा उत्रिएका छन् ।

यसभन्दा पहिले तौल नगरी भन्सार हुँदै आएको भएपनि भन्सार अधिकृत गैरे कृष्णनगर आएपछि फलफूल र तरकारी व्यावासायीलाई दु:ख दिने गरेको तरकारी व्यवसायी अरुण कुमार गुप्ताले बताए । फलफूल तथा तरकारी व्यवसायी र कृष्णनगर भन्सार कार्यालयबीच भएको विवादको विषयमा बुझ्न खोज्दा कृष्णनगर भन्सार कार्यालय प्रमुख र कृष्णानगर भन्सार अधिकृत गैरेसँग सम्पर्क हुन सकेन ।

# भूकम्प पीडितको अस्थायी आवास निर्माणका लागि एक अर्ब ४१ करोड निकासा

**काठमाडौं/मस**-सरकारले भूकम्प पीडितका लागि अस्थायी आवास निर्माण गर्न पहिलो किस्ताबापतको रु.एक अर्ब ४१ करोड निकासा गरेको छ । गृह मन्त्रालय अन्तर्गतको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार सरकारी निर्णयका आधारमा जाजरकोट, रुकुमपश्चिम, बझाङ बाजुरा र सल्ल्यान जिल्लाका लागि उक्त रकम निकासा गरिएको हो ।



त्यसमध्ये सबैभन्दा बढी जाजरकोट र रुकुमपश्चिमका लागि रु ५०/५० करोड निकासा भएको प्राधिकरणका प्रवक्ता ध्रुवबहादुर खड्काले जानकारी दिए ।

उनका अनुसार बझाङका लागि रु २५ करोड, बाजुराका लागि रु १४ करोड र सल्यानका लागि रु दुई करोड रकम निकासा भएको छ ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको गत कात्तिक २६ को निर्णयबाट भूकम्पप्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण कार्यविधि २०८० स्वीकृत भएको थियो ।

उक्त कार्यविधिले निर्दिष्ट गरेको भूकम्पप्रभावित लाभग्राहीको अस्थायी आवास निर्माणको पहिलो किस्ता दिने प्रयोजनका लागि उक्त रकम निकासा गरिएको खड्काले बताए ।

उक्त रकम स्थानीय तहमार्फत लाभग्राही पहिचान गरी सम्बन्धित पालिकामार्फत जानेछ । प्राधिकरणले उल्लिखित कार्यविधि तथा प्रचलित कानुनले तोकेअनुसार लेखा राख्ने, लेखा परीक्षण गर्ने र गराउने व्यवस्था गर्न आदेशानुसार अनुरोध पनि गरेको छ ।

# टिकटक प्रतिबन्धविरूद्धको रिट 'हेर्न नभ्याइने'मा

**काठमाडौं/मस**–टिकटकमाथि प्रतिबन्ध लगाउने सरकारको निर्णयविरुद्ध परेको रिट निवेदनमा सोमबार सुनुवाइ हुन सकेन ।

न्यायाधीश कुमार चूँडालको एकल इजलासमा सोमबार उक्त मुद्दाको पेसी तोकिएको भएपनि हेर्न नभ्याउने सूचीमा परेको थियो । न्यायाधीश चूँडालसहितको अर्को संयुक्त इजलास बसेपछि एकल इजलास नबस्ने हुँदा सुनुवाइ हुन नसकेको भएको हो ।

उक्त विषयमा सर्वोच्च अदालतमा वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीसहित १० जनाले छुट्टाछुट्टै रिट निवेदन दायर गरेका थिए । सरकारले गत कात्तिक २७ गते सामाजिक सद्भावमा खलल पुगेको उल्लेख गर्दै टिकटकमाथि प्रतिबन्ध लगाउने निर्णय गरेको थियो ।

## दुई...

सम्झौतामा राज्यको केन्द्रीकृत ढाँचाको शासन व्यवस्था अन्त्य गरी समावेशी, लोकतान्त्रिक र अग्रगामी पुन:संरचना गर्ने तथा संविधानसभाको निर्वाचनमार्फत नयाँ नेपाल निर्माणलाई अघि बढाउने विषयलाई जोड दिइएको थियो । तत्कालीन प्रधानमन्त्री कोइरालाले सरकार र माओवादीबीच सम्पन्न वृहत शान्ति सम्झौताले नयाँ नेपाल निर्माणका लागि मार्ग प्रशस्त गरेको तथा मेलमिलापको राजनीतिमार्फत नयाँ इतिहासको थालनी भएको बताएका थिए ।

नेपालीहरू आफ्नै खुट्टामा उभिएर संघर्ष समाधान गरी विश्व समुदायलाई नै चकित तुल्याउन सफल भएको जनाउँदै उनले भनेका थिए, 'आज हामी आफैँले संघर्ष समाधान गरेर विश्व जगतमा राम्रो उदाहरण दिएका छौँ ।'

माओवादी अध्यक्ष प्रचण्डले पनि शान्ति सम्झौतामार्फत नयाँ नेपाल निर्माण गर्न नेपाली जनताले २००७ सालदेखि गरेको प्रयासले पूर्णता पाएको टिप्पणी गरेका थिए । उनले भनेका थिए, 'यो नेपालको उन्नति चाहने आम नेपालीको विजय र नेपाललाई सधैँ अग्रगमनमा बढ्न नदिई यथास्थानमा राख्न चाहने प्रतिगामीहरूको पराजय हो, ठूला शक्ति र अहंकार बोकेका राष्ट्रहरूलाई नेपाली जनताले प्रस्तुत गरेको यो सफल उदाहरणले चकित पारेको छ ।

सम्झौतामा दुवै पक्षद्वारा बेपत्ता पारिएका व्यक्तिको तथा युद्धको समयमा मारिएकाको वास्तविक नाम, थर र घरको ठेगाना सम्झौता भएको मितिले ६० दिनभित्र सूचना सार्वजनिक गरी परिवारजनलाई समेत जानकारी गराउने विषय प्राथमिकतामा राखिए पनि त्यो विषय हालसम्म सम्बोधन हुनसकेको छैन ।

सशस्त्र द्वन्द्वका क्रममा मानवाधिकार उल्लघंन तथा मानवताविरुद्धका अपराधमा संलग्नका बारेमा सत्य तथ्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग त गठन भए तर सत्य तथ्य अन्वेषण र मेलमिलापको काम भने हुन बाँकी नै छ ।

झण्डै दुई दशकको अवधिमा तत्कालीन विद्रोही पक्ष तीन पटक सरकारको नेतृत्व गर्नाका साथै पटक पटक सरकारमा सामेल भइसकेको छ । तर, संघर्षमा सहभागी परिवारका अन्य सदस्यमाथि कुनै पनि विभेद गर्न र दबाब नदिन प्रतिबद्धता जाहेर गरिए पनि त्यसमा प्रत्यक्ष सरोकार नराख्ने व्यक्ति भने अझै पीडामै रुमलिइरहनु परेको अवस्था छ । शान्ति सम्झौतामा उल्लिखित संघर्ष र यातनापीडित तथा बेपत्ता पारिएकाको परिवारको राहत प्राप्त गर्ने अधिकारलाई समेत सुनिश्चित गरिने छ, भन्ने विषयले पनि अझै सार्थकता पाउन सकेको छैन ।

शान्ति सम्झौताको स्वागत गर्दै त्यस बेला छिमेकी तथा अन्तर्राष्ट्रिय समुदायले समेत सम्झौताले नेपाली जनताको शान्ति र स्थायित्वको प्रबल चाहनालाई प्रतिविम्ब गरेको प्रतिक्रिया दिएका थिए ।

तर, पनि पीडितहरु निरन्तर न्यायको पर्खाइमा छन् । विस्तृत शान्ति सम्झौताको दुई दशक हुन लाग्दा समेत द्वन्द्वपीडितले न्यायको आश मारेका छैनन् । साथमा, पर्खाइको सीमा नलम्ब्याउन र सहनशीलताको पर्खाल नभत्काउन भनिरहेका छन् ।

## सम्भावित...

परिवर्तन गरेको छ । युवा संघका अध्यक्ष क्षितिज थेबेले सोमबार विज्ञप्ति जारी गर्दै माइतीघर मण्डलामा आयोजना गरिएको कार्यक्रम उही समयमा तीनकुनेमा सारिएको जनाएका छन् । सरकारले सोमबारबाट एक महिनासम्मका लागि माइतीघर मण्डलादेखि नयाँबानेश्वर चोकसम्म निषेधित क्षेत्र घोषणा गरेपछि युवा संघले कार्यक्रमको स्थान परिवर्तन गरेको हो ।

सरकारले माइतीघर मण्डलादेखि बानेश्वर चोकसम्मको क्षेत्रलाई निषेधित क्षेत्र घोषणा गरेकाले निर्धारित कार्यक्रम सोही मिति र समय (बिहान ११ बजे) मा काठमाडौँस्थित तीनकुनेमा हुने अध्यक्ष थेवेले जनाएका छन् ।

## पुनर्निर्माणमा...

बनेको समितिले गरेका कामको महामन्त्री थापाले जानकारी गराएका थिए ।

माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लगायतका दलबाट समेत भूकम्प प्रभावित क्षेत्रमा स्वयंसेवक खटिएका छन् ।

## गुरुङ...

दिन लिखित कार्यादेश दिने तयारी गरिरहेको छ । विज्ञ समितिले शुरुमा मन्त्रालयले तर्जुमा गरेको हालको वैदेशिक रोजगार नीतिमाथि अध्ययन तथा पुनरावलोकन गर्नेछ ।

समिति सदस्य गुरुङले नेपालको वैदेशिक रोजगार नीतिमा रहेका कमी कमजोरी पहिल्याएपछि त्यसलाई हटाएर रेमिट्यान्सको आप्रवाह साथसाथै नेपाली कामदारको सीपलाई कसरी अन्तर्राष्ट्रिय स्तरको बनाउने भन्ने विषयमा अध्ययनलाई केन्द्रिकृत गर्ने योजना बनाइएको जानकारी दिइन् ।

सदस्य गुरुङका अनुसार नेपाली महिला तथा पुरुष दुवै कामदारलाई विश्वको श्रम बजारमा प्रतिस्पर्धी, मर्यादित र सक्षम बनाउन अवलम्बन गर्नुपर्ने नीति र तालिमका साथै अन्य व्यवहारिक पक्षको पनि अध्ययनका क्रममा खोजी गरिने छ ।

विश्व श्रम बजारमा आगामी दशकहरुमा देखापर्न सक्ने चुनौती र प्रविधिका पक्षमा हुनसक्ने परिवर्तन र त्यसका असरहरुको समेत समितिले पहिचान गरि समाधानका उपायबारे सिफारिस गर्नेछ ।

अध्ययन समितिले आवश्यकता अनुसार अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ), अन्तर्राष्ट्रिय आप्रवासन संगठन (आईओएम), रिटर्नी कामदारको नेटवर्क, वैदेशिक रोजगार व्यवसायी संघलगायतका संस्थाहरुसँग अन्तरक्रिया गर्नेछ । सोमबारको छलफलमा आफूहरुलाई अध्ययनका लागि जिम्मेवारी दिएकोमा मन्त्री भण्डारीलाई धन्यवाद दिँदै सकेसम्म गहन प्रतिवेदन दिने समितिले प्रतिबद्धता जनाएको बताइएको छ ।

## बोर्ड ...

वार्षिकरुपमा आधारभूत तहका लागि १२ हजार र माध्यमिक तहका लागि १६ हजार रुपैयाँ छात्रवृत्ति पाउने गरेका छन् ।


**कम्पनीको नाम परिवर्तन सम्बन्धि सुचना**

प्रथम पटक प्रकाशित मिति : २०८०।०८।०५

तामाङ मल्टी एग्रो नेसनल इन्भेस्टमेन्ट कम्पनी लि. को मिति २०८०।०७।१९ गते सम्पन्न दोश्रो बिशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरि मल्टी एग्रो नेसनल इन्भेस्टमेन्ट कम्पनी लि. (द नं ३१४८७०) कायम गर्ने गरि मिति २०८०।०८।०४ गते श्री कम्पनी रजिस्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।



**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/१०/२४ मा दर्ता कायम भएका **दिपक सव मनि ट्रान्सफर प्रा.लि. (प्रा.लि. नं. २८३२६०)** लाई खारेजी लिक्वीटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८०/०८/०४ गतेमा सम्पन्न संचालक समितिको निर्णय बमोजिम यस कम्पनीले तिर्न बेहोर्न पर्ने ऋण, धन, एवं कोही कसैको बाकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरका कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्वीडेटर: रोशन कुमार बजिमय,** **ईजाजत प्र.प.नं. २२१**
**ठेगाना: त्रिपुरेश्वर, काठमाडौं** **मोवाईल नं. ९८४१३६९७७१**



(कम्पनी ऐन, २०६३ को दफा ५३ को उपदफा (२) संग सम्बन्धित)

**फारवेस्टर्न एग्रो जाइन्ट लिमिटेडको शेयर वापतको रकम भुक्तानीका लागि संस्थापक सेयरधनीका नाममा जारी सूचना तथा जगेडा शेयर बिक्री खुल्ला गरिएको सम्बन्धि हालका संस्थापक सेयरधनी तथा अन्य सम्पुर्ण इच्छुक महानुभावका लागि जारी गरिएको सूचना**

प्रथम पटक प्रकाशित मिति: २०८० मंसिर ५ गते

यस कम्पनीका संस्थापक शेयरधनीहरुले आफूले लिन कबुल गरेको अंकित मुल्य प्रति शेयर रु १००/– दरको शेयरको हुन आउने रकम मध्ये हाल सम्म भुक्तानी गरिसकेको रकम कटाई भुक्तान गर्न बाँकी रहेको शेयर वापतको रकम चुक्ता गर्न हुन र यस कम्पनीले जगेडामा रहेको ४६६००० (चार लाख छ्यासट्टी हजार) कित्ता संस्थापक शेयर बिक्री खुल्ला गरेकाले इच्छुक शेयरधनीहरु तथा इच्छुक अन्य महानुभावहरुले आफूले लिन चाहेको शेयर संख्या र सो को प्रति कित्ता मूल्य रु १०० का दरले हुन आउने जम्मा रकम सूचना जारी भएको मितिले ३५ दिनभित्र यस कम्पनीको बैंक खातामा बुझाई त्यसको अर्धकट्टी भौचर कम्पनीको रजिष्टर्ड कार्यालय डडेल्धुरा जिल्ला अमरगढी नगरपालिका वडा नं. १ मौरडामा दाखिला गर्न हुन यस कम्पनीको यहि मिति २०८० मंसिर १ गतेको संचालक समितिको निर्णय बमोजिम अनुरोध गरिन्छ ।

**फारवेस्टर्न एग्रो जाइन्ट लिमिटेड, डडेल्धुरा**
फोन नं. : ०९६५९०८८२, मो.नं.:९८५८७८८७०८
इमेल : farwesteragro@gmail.com



**बहराइनमा रोजगार** | कम्पनी : CIRCLE INTEGRATED SERVICES S.P.C
शहर: BAHRAIN

पूर्व स्वीकृत मिति: २०८०/०८/०४ | चलानी नं.: ६०२१०२३९ | L.T. No.: 295050

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | BD | ने. रु. | | | | | | | |
| 1. | General Cleaner | 120 | 30 | स. काममा दक्ष | 100 | ३५,२६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर १२ गते (28 November 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु.१०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**EASY OVERSEAS PVT. LTD.**
Easy Overseas
Gov Lic No. : 1261/074/75
Basundhara, Kathmandu, Tel.:01-4016539



**KUWAIT मा वैदेशिक रोजगारको अवसर**

कम्पनी : BURGER LOCATION RESTAURANT CO | शहर : Kuwait
पुर्व स्वीकृत मिति: २०८०/०८/०४ | चलानी नं.: ६०२१०२३८ | LT. No.: 295163

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | KD | ने. रु. | | | | | | | |
| 1. | Waiter | 0 | 3 | स. काममा दक्ष | 125 | ५३,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर १२ गते (28 November 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SUNRISE H.R. SOLUTION PVT. LTD.**
Sinamangal, Kathmandu, Nepal, Tel: +977-01-5919928
Mob.: 9851062224 | 9851005928 | 9803755140 | 9849162085 | 9822516619
Email: sunrisehrsolution2074@gmail.com., Web.www.sunrise.com.np
Gov. Lic No. 1216/074/075



**ओमानमा रोजगार** कम्पनी: TAJ AL - FALAJ TRAD & CONT LLC
शहर: Sohar

पूर्व स्वीकृत मिति: २०८०/०८/०४ | चलानी नं.: ६०२१०२३६ | LT. No.: 295251

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | OR | ने. रु. | | | | | | | |
| 1. | Make up Accessories and Product Salesman | 0 | 6 | सम्बन्धित काममा दक्ष | 130 | ४४,९९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | perfume Salesman | 0 | 3 | | 130 | ४४,९९४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर १२ गते (28 Nov 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**D.A. HUMAN RESOURCE PVT. LTD.**
Kathmandu-31, Santinagar, Nepal, Tel : 01-5911493, 01-5911494
ईजाजत नं. १५५४/०७९/०८०
Email: info@dahumanresource.com, Website: dahumanresource.com



**UAE मा रोजगार** | कम्पनी : MISTER UNIFORM TRADING LLC
शहर : UAE

पूर्व स्वीकृत मिति: २०८०/०८/०४ | चलानी नं.: ६०२१०२४० | LT. No.: 295244

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | AED | ने. रु. | | | | | | | |
| 1. | Cleaner | 0 | 8 | सम्बन्धित काममा दक्ष | 850 | ३०,७६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Helper | 8 | 0 | | 850 | ३०,७६२ | | | | | | | |
| 3. | Master Cutter | 8 | 0 | | 1200 | ४३,४२८ | | | | | | | |
| 4. | Merchandiser | 8 | 8 | | 1500 | ५४,२८५ | | | | | | | |
| 5. | Store Keeper | 8 | 0 | | 1500 | ५४,२८५ | | | | | | | |
| 6. | Suit Maker | 8 | 0 | | 1100 | ३९,८०९ | | | | | | | |
| 7. | Supervisor | 8 | 0 | | 1500 | ५४,२८५ | | | | | | | |
| 8. | Tialor | 8 | 0 | | 1100 | ३९,८०९ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर १२ गते (28 November 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.**
Govt. Lic. No.: 821/066/067 | ISO 9001 : 2015
Tokha-5, Basundhara, Kathmandu, Tel.: 01-4956654, 4955978
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158
BRANCH OFFICE'S:
Pokhara : 061-590070 | 590071 | 9856036098, Chitwan : 056-595592 | 9802909595,
Birtamod : 023-532754 | 9807981913, Janakpur: 9807806454 | 9851128051



**कतारमा रोजगारको अवसर** | १. कम्पनी: AL SRAIYA SECURITY SERVICES
शहर: DOHA

पूर्व स्वीकृत मिति: २०८०/०५/०७ | चलानी नं.: ६०२०६६७१ | L.T. No.: 291439 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | QR | ने. रु. | | | | | | | |
| 1. | Security Guard | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५४,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 3 | 0 | | 1500 | ५४,६९० | | | | | | | |

२. कम्पनी: FAST DELIVERY | शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७९/०४/०१ | चलानी नं.: ६०१८३३७७ | L.T. No.: 267457 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | QR | ने. रु. | | | | | | | |
| 1. | Electric | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,७५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 8 | 0 | | 1700 | ६१,९८२ | | | | | | | |

३. कम्पनी: Indigo Trading and Contracting | शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७८/१०/२७ | चलानी नं.: ६०१७४३१६ | L.T. No.: 257733 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | QR | ने. रु. | | | | | | | |
| 1. | Carpenter | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,७५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason | 1 | 0 | | 1200 | ४३,७५२ | | | | | | | |
| 3. | Plumber | 4 | 0 | | 1200 | ४३,७५२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० मंसिर १२ गते (28 November 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**रोयल इन्टरनेशनल ओभरसिज प्रा. लि.**
सामाखुसी-२९, काठमाडौं, श्रम ईजाजत नं. : १०३४/०७२/०७३
(रोयल वर्कफोर्स रिक्रुटिङ कम्पनी प्रा.लि.)
Tel: 4985294, 4985295, 9801255512, Email: info.royal1034@Gmail.com



**UAE मा CLEANER को लागि रोजगारको अवसर**

कम्पनी: ETIHAD INTERNATIONAL HOSPITALITY (EIH) L.L.C.-SOLE PROPRIETORSHIP L.L.C. | शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/०३/२८ | चलानी नं.: ६०२०४५४८ | L.T. No.: 289238 | पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | AED | ने. रु. | | | | | | | |
| 1. | Cleaner | 140 | 79 | स. काममा दक्ष | 800 | २८,९५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर १२ गते (28 November 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Al Secure Manpower Recruitment P. Ltd.**
श्रम इजाजत नं.: ८२३/०६६/०६७
Panchakumari Temple, Chandrodaya Marg, House No. 151 Sinamangal, Kathmandu, Nepal, P.O Box: 23949
Tel: 01-4592900, 4590800, 4589700, 9802070410 | Email: documentation@smrnepal.com | Website: smrnepal.com



**बहराइनमा रोजगार** कम्पनी: ALEZZ CONTRACTING & MECHANICAL SERVICES CO. WLL
शहर: Baharain

पूर्व स्वीकृत मिति: २०८०/०७/२४ | चलानी नं.: ६०२१०२३० | L.T. No.: 294894

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | BD | ने. रु. | | | | | | | |
| 1. | Elecrician | 5 | 0 | स. काममा दक्ष | 150 | ५२,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Fabricator | 20 | 0 | | 150 | ५२,८९५ | | | | | | | |
| 3. | Finishing Carpenter | 30 | 0 | | 150 | ५२,८९५ | | | | | | | |
| 4. | Forklift Operator | 5 | 0 | | 150 | ५२,८९५ | | | | | | | |
| 5. | Furnace Operator | 10 | 0 | | 150 | ५२,८९५ | | | | | | | |
| 6. | General Worker | 20 | 0 | | 100 | ५२,८९५ | | | | | | | |
| 7. | Heavy Driver | 10 | 0 | | 150 | ५२,८९५ | | | | | | | |
| 8. | Light Driver | 5 | 0 | | 150 | ५२,८९५ | | | | | | | |
| 9. | Machine Operator | 5 | 0 | | 150 | ५२,८९५ | | | | | | | |
| 10. | Mechanical Fitter | 10 | 0 | | 150 | ५२,८९५ | | | | | | | |
| 11. | Mechanical Technician | 5 | 0 | | 150 | ५२,८९५ | | | | | | | |
| 12. | Welder | 20 | 0 | | 150 | ५२,८९५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर १२ गते (28 Nov 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Pokhara Recruitment (P.) Ltd.**
Samakhusi Townplanning, Kathmandu, Nepal
Gov. Lic No. 1426/074/075
Tel: +977- 1- 4038186, 4038483, Mobile: 9801152243
Email: pokhararecruitment@gmail.com, info@pokhararecruitment.com, Web: www.pokhararecruitment.com.np

# मूलधारका मिडियाहरुले बालबालिकाका समाचारलाई स्थान नदिएको गुनासो

**काठमाडौं /मस–** बालबालिकाहरुको क्षेत्रमा क्रियाशिल संस्था चाइल्ड नेपालले आइतबार राजधानीमा बालबालिकाहरुसँग मूलधारका मिडियाका सम्पादकहरूसँग अन्तरसंवाद गरेको छ। बालबालिकाहरूले अन्तरसंवादका क्रममा समाचार सम्पादकहरूसँग मूलधारका मिडियाहरुमा बालबालिकाका समाचार प्रसारण र प्रकाशन नगरिनुका कारणहरू सोधेका थिए । बालबालिकाहरूले मूलधारका मिडियाहरुले बालबालिकाका समाचार प्रसारण र प्रकाशनमा उचित स्थान नदिएको गुनासो पनि गरे ।

अन्तर्राष्टिय बाल अधिकार दिवसको अवसरमा सेभ द चिल्ड्रेनको साझेदारीमा चाइल्ड नेपालले आयोजना गरिएको सम्पादकहरूसँगको अन्तरसंवादमा बालबालिकाहरुले आ–आफ्ना प्रश्नहरु राखेका थिए । सधैं प्रश्न सोध्ने काममा रहने सम्पादक पत्रकारहरुलाई बालबालिकाले प्रश्न गर्ने र सम्पादक पत्रकारहरुले उत्तर दिने कार्यक्रमले कार्यक्रमलाई थप रोचक बनाएको थियो ।

कार्यक्रममा बालबालिकाहरुले पत्रपत्रिकामा बालबालिकामाथिको बलात्कार समाचार छापिने तर त्यसलाई फलोओप नगरिदिँदा अपराधीले उन्मुक्ति पाउन सहज भइरहेको गुनासो गरे । उनीहरुले अपांगता भएका बालबालिका, तेश्रो लिंगी बालबालिकाहरुको पक्षमा समाचार सम्प्रेषण गरिदिन पनि अनुरोध गरेका थिए ।

बालबालिकाहरुले समाचार लेखदा सकेसम्म भाषामा सामान्यीकरण गरिदिन अनुरोध गरे। जसले साना साना बालबालिकालेपनि समाचार सहजै बुझ्न सकुँन भन्ने बालबालिकाहरूको सवाल रहेको थियो । कार्यक्रममा रिपब्लिका दैनिकका सम्पादक कोषराज कोइराला, दी हिमालयन टाइम्स दैनिकका सम्पादक राजन पोखरेल, गोरखापत्रका कार्यकारी सम्पादक जुनारबाबु बस्नेत, सञ्चारिका समूहकी अध्यक्ष विमला तुम्हेवागवा, समूहका पूर्व अध्यक्ष एवं पत्रकार बविता बस्नेत, सामुदायिक रेडियो प्रशारक संघ (सीआईएन) का सम्पादक दीपक आचार्यलगायतले बालबालिकाहरुको जिज्ञासाहरुको बारेमा आ-आफ्नोतर्फबाट उत्तर दिएका थिए। कार्यक्रमको उद्घाटन आयोजक चाइल्ड नेपालका कार्यकारी निर्देशक मोहन दंगालले गरेका थिए ।




## मोटरसाईकल हरायो

मिति २०८०/०८/०२ गते १४:०० देखि १५:०० बजेको समयमा जि.काठमाडौं, टोखा न.पा.-४, देउराली धापासीबाट बागमती प्रदेश ०२-०४१ प ६१०४ न. को कालो/रातो रङको Pulsar 220cc को मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न नम्बरमा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**सवारी धनी** : **उत्तम बस्नेत**
**ईन्जिन नं.** : DKXCMJ 32799
**च्यासिस नं.** : MD2A13EX6MCJ 98428
**सम्पर्क नं.** : **९८४१२३२६६२**


## कुमारी बैंक लिमिटेड शाखा कार्यालय जहरे, सुर्खेतको धितोमा रहेको सम्पत्ति पुन: लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित २०८०/०८/०५ गते मध्यान्ह दैनिक)

यस कुमारी बैंक लिमिटेडको (साबिक एन.सि.सि. बैंक लि.) शाखा कार्यालय जहरे, सुर्खेतबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ। यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० मंसिर १२ गते मंगलबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय जहरे, सुर्खेतमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

**तपसिल**

**ऋणीको विवरण:**

कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालयमा मिति २०७३/०३/०९ मा दर्ता नं. ५७३१/०७२/०७३ दर्ता कायम भई सुर्खेत जिल्ला, शुभघाट गंगामाला न.पा. वडा नं.०७ (हाल सुर्खेत जिल्ला गुर्भाकोट न.पा. वडा नं.१३) स्थित रजिष्टर्ड कार्यालय रहेको **टिका हार्डवयर एण्ड ईलेक्ट्रिकल** (प्रोप्राईटर केशर शर्माको नाति, पदम प्रसाद शर्मा/टिका कुमारी शर्माको छोरा, टिका शर्माको पति, सुर्खेत जिल्ला, गुर्भाकोट न.पा. वडा नं.१३ (साबिक सुर्खेत जिल्ला, मैनतडा गा.वि.स वडा नं.०७) बस्ने **युबराज शर्मा** (ना.प्र.नं. ६४१०३६/८१८२२, जारी मिति २०६४/१०/२५, जिल्ला प्रशासन कार्यालय सुर्खेत)।

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण:**

१. केशर शर्माको नाति, पदम प्रसाद शर्मा/टिका कुमारी शर्माको छोरा, टिका शर्माको पति, सुर्खेत जिल्ला, गुर्भाकोट न.पा. वडा नं. १३ (साबिक सुर्खेत जिल्ला, मैनतडा गा.वि.स वडा नं. ०७) बस्ने **युबराज शर्मा** (ना.प्र.नं. ६४१०३६/८१८२२, जारी मिति २०६४/१०/२५, जिल्ला प्रशासन कार्यालय सुर्खेत)।
२. ससेराम सुनारको नातिनी, रतिमान सुनार/पबिसरा सुनारको छोरी, युबराज शर्माको पत्नी, सुर्खेत जिल्ला, गुर्भाकोट न.पा. वडा नं.१३ (साबिक सुर्खेत जिल्ला, गुमी गा.वि.स. वडा नं.०२) बस्ने **टिका शर्मा** (ना.प्र.नं. ६४१०३७/११२९६४, जारी मिति २०६९/०२/१२, जिल्ला प्रशासन कार्यालय सुर्खेत)।
३. पदम प्रसाद शर्मा/टिका कुमारी शर्माको नाति, युबराज शर्मा/टिका शर्माको छोरा, सुर्खेत जिल्ला, गुर्भाकोट न.पा. वडा नं.१३ बस्ने **निरञ्जन शर्मा** (ना.प्र.नं.६४-०१-७५-०५७८७, जारी मिति २०७५/०९/२३, जिल्ला प्रशासन कार्यालय सुर्खेत)।
४. पदम प्रसाद शर्मा/टिका कुमारी शर्माको नातिनी, युबराज शर्मा/टिका शर्माको छोरी, सुर्खेत जिल्ला, गुर्भाकोट न.पा. वडा नं.१३ बस्ने **सेनिया शर्मा** (ना.प्र.नं.६४-०१-७७-०८४१७, जारी मिति २०७७/१२/२०, जिल्ला प्रशासन कार्यालय सुर्खेत)।

**लिलाम हुने सम्पत्तिको विवरण:**

१. **युबराज शर्मा**को नाममा मालपोत कार्यालय, मेहेलकुनामा दर्ता कायम रहेको सुर्खेत जिल्ला, गुर्भाकोट न.पा., वडा नं. १३ (साबिक सुर्खेत जिल्ला गुमी गा.वि.स/न.पा वडा नं. २/ख) स्थित कित्ता नं. ४९७ को क्षेत्रफल ०-०-१७ ३/४ (रोपनी) जग्गा र सोमा निर्माण भएको घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

**शर्तबन्देजहरु:**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितीले ७ औं दिन अर्थात मिति २०८० मंसिर ११ गते** भित्र बैंकको शाखा कार्यालय जहरे, सुर्खेत स्थित कर्जा विभागमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय जहरे, सुर्खेतबाट रु.५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षर मा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० मंसिर १२ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय जहरे, सुर्खेत स्थित कर्जा विभागमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधापुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय जहरे, सुर्खेत स्थित कर्जा विभागमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

**बोलपत्र खोलिने मिति २०८० मंसिर १२ गते मंगलबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
**शाखा कार्यालय जहरे, सुर्खेत फोन नं. ०८३-४१३०५९**

## बारबर्दिया नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

जयनगर, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना

**प्रकाशन मिति: २०८०/०८/०५**

यस कार्यालयबाट मिति २०८०/०५/२४ गते प्रकाशित सूचना अनुसारका तपशिलको कार्यमा तपशिलका बोलपत्रदाताको प्रस्ताव न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| सि.नं. | ठेक्का नं. | खरिद कार्यको विवरण | स्वीकृत व्यवसायीको नाम | कबोल अङ्क रु. |
|---|---|---|---|---|
| १. | 04/BMO/W/2080-81 | भिम मार्ग सडक कालोपत्रे | जय बागेश्वरी निर्माण सेवा, गुलरिया-४, बर्दिया | २,०१,३२,३२०.७३ |

**प्रमुख प्रशासकीय अधिकृत**

## दार्मा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

फारुलाचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना

**(सूचना प्रकाशित मिति : २०८०/०८/०५)**

दार्मा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयबाट आ.व. २०८०/०८१ को स्वीकृत कार्यक्रम बमोजिम २०८०/०५/१७ गते विद्युतिय बोलपत्र खरिद प्रणाली र मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका र २०८०/०६/०७ गते विद्युतिय बोलपत्र खरिद प्रणाली र प्रभाव दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम देहाय वमोजिमका निर्माण कार्य र औषधी खरिदका लागि बोलपत्र आव्हानको सूचना बमोजिम तोकिएको म्यादभित्र दर्ता हुन आएका शिलवन्दी बोलपत्रहरु खोलि मूल्याङकनका लागि मूल्याङकन समितिमा पेश भएकोमा बोलपत्र मूल्याङकन समितिको सिफारिसको आधारमा देहाय बमोजिमका बोलपत्रदाताको कूल कवोल अंक न्यूनतम मूल्याङकित सारभुतरुपमा प्रभावग्राही देखिएकोले उक्त बोलपत्र छनौट भई स्वीकृत हुने प्रक्रियामा रहेको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा २ को बमोजिम सम्बन्धित सरोकार वालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र.स. | ठेक्का नं. | कामको विवरण | ठेक्का कवोल गर्ने फर्मको नाम र ठेगाना | कूल कवोल अंक रु (मु.अ.क. र पि.एस. वाहेक) |
|---|---|---|---|---|
| 1. | DRM/NCB/W/B/01/2080/081 | Construction Bal Kalyan Ma. Vi. Bhuwantakuri Building | Khairabang Mai Construction, Sharada, 01, Salyan. | 74,26,620.70 |
| 2. | DRM/NCB/G/01/2080/081 | Procurement & supply of medicine for basic and emergency health service at Darma Rural Municipality | Grand Drugs Distributors, Tulsipur-5, Gha line Dang | 16,19,204.80 |

**प्रमुख प्रशासकीय अधिकृत**

## नमोबुद्ध नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, बागमती प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति : २०८०/०८/०५**

यस नमोबुद्ध नगरपालिकाबाट मिति २०८०/०६/१० मा प्रकाशित सूचना अनुसार रितपुर्वक दर्ता भएका बोलपत्र उपर कारवाही हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | बोलपत्र नं. | योजनाको नाम | बोलपत्रदाताको नाम र ठेगाना | कवोल अंक (भ्याट सहित) |
|---|---|---|---|---|
| १ | NMUN/NCB/WORK/080/081-04 | Kanpur Dadagaun Hudai B.P. Rajmarga Jodne Sadak | श्री Aayush Construction Kavre., नमोबुद्ध - १०, काभ्रे | रु. ९९,४७,६३१।१९ |
| २ | NMUN/NCB/WORK/080/081-05 | Dalsinge Aiseluchaur Dapcha Sadak. | श्री Aayush Construction Kavre., नमोबुद्ध - १०, काभ्रे | रु.१,०३,२४,८१०।६२ |

## नेपाल खानेपानी संस्थान

शाखा कार्यालय, महेन्द्रनगर

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**आ.व. ०८०/०८१**
**प्रकाशित मिति: २०८०/०८/०५**

उपरोक्त सम्बन्धमा नेपाल खानेपानी संस्थान, महेन्द्रनगर शाखा कार्यालयको मिति २०८०/०६/१४ मा E-bidding मार्फत प्रकाशित सूचना बमोजम तपशिल बमोजिमको कार्यको लागी प्राप्त हुन आएका बोलपत्रहरु मध्ये मिति २०८०/०८/०१ गतेको मुल्याकंन समितिबाट परीक्षण एवम मुल्याकंन गरी सिफारिस भए बमोजिम सार्वजनिक खरीद ऐन २०६३ दफा २७ को उपदफा २ को प्रयोजनार्थ तपशिलमा उल्लेखित बोलपत्र स्विकृती गर्ने आशयको सूचना बोलपत्रदाताहरुको जानकारीको लागी प्रकाशित गरीएको छ।

**तपशिल:**

| क्र.सं | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम | बोलपत्र कबोल रकम भ्याट सहित | कैफियत |
|---|---|---|---|---|---|
| १. | 01/NWSC-MNR/ WORKS/ NCB/080/81 | Construction of Compound Wall | श्री खगराज एण्ड अमित कन्स्ट्रक्सन, कन्चनपुर | १४,६०,७४२/४१ | |

**कार्यालय प्रमुख**




मध्यान्ह
www.madhyanhadaily.com
५ मंसिर २०८०, मंगलबार
21 November 2023, Tuesday

## सम्पादकीय

# नेतृत्वको उल्टो निष्कर्ष

राजधानीको माइतीघरदेखि नयाँ बानेश्वरसम्मलाई निषेधित क्षेत्र घोषणा गरिएको छ। आमसाधरणले आफ्नो कुरा राख्ने ठाउँ बन्न पुगेको यो क्षेत्रलाई सधैंका लागि निषेधित क्षेत्र घोषणा गरेको चाहिँ होइन। तर एक महिनासम्म यो क्षेत्रमा भेला प्रदर्शन गर्न स्थानीय प्रशासनले रोक लगाएको छ। यस्तो निर्णय लिनुको पछाडि संभावित दुर्घटना रोक्नु रहेको लुक्दैन। किनकि आगामी ७ मंसिरमा नेकपा एमालेले आफू निकट युवा-विद्यार्थीलाई प्रदर्शनमा उतार्ने प्रचार गरेको छ भने त्यसैदिन त्यही ठाउँमा दुर्गा प्रसाईंले प्रदर्शनको आह्वान गरेका छन्। एकअर्काविरूद्ध प्रदर्शन गरिन लागेकाले त्यसबाट निम्तन सक्ने संभावित दुर्घटना रोक्ने विकल्पमा निषेधित क्षेत्र घोषणा गर्ने निर्णय लिएको देखिन्छ। सरकारको निर्णयलाई एमालेको समर्थन रहेको अनुमान लगाउन सकिन्छ। किनकि निषेधित क्षेत्र घोषणा गर्ने निर्णयको विरोध नगरी एमालेले प्रदर्शनको स्थान परिवर्तन गरेको छ।

एमालेको नयाँ निर्णयअनुसार अब तिनकुनेमा विरोध प्रदर्शन हुनेछ। त्यो प्रदर्शनमा सत्तारूढ शक्तिको पनि मौन समर्थन रहेको बुझ्न सकिन्छ। प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले केही दिन अगाडि मात्रै व्यवस्था विरोधी शक्तिहरूविरूद्ध प्रमुख दलहरू एकठाउँ रहेको सार्वजनिक अभिव्यक्ति दिएका थिए। प्रधानमन्त्रीले गणतन्त्रका पक्षधर शक्तिहरूको बैठक समेत राखिसकेका छन्। त्यसअघि नै नेपाली कांग्रेस, एमाले, माओवादी केन्द्र जस्ता पुराना र प्रमुख दलहरूले वर्तमान व्यवस्थाको पक्षमा जनप्रदर्शनको निर्णय लिइसकेको थियो। यी दलहरूको विरोधमा राप्रपा पहिलेबाटै संस्थागत रूपमा लागिरहेको छ भने पछिल्लो समय विवादित व्यावसायी दुर्गा प्रसाई देखिएका छन्।

प्रसाईंले पूर्वराजालाई प्रमुख अतिथि बनाएर सार्वजनिक कार्यक्रम गर्नेदेखि राजनीतिक नेतृत्वप्रति चर्को अभिव्यक्ति दिदै आएका छन्। बैंक तथा वित्तिय संस्थाबाट पीडितहरूको साथ लिएर प्रसाईंले गणतन्त्रविरोधी गतिविधि गर्दै आएका छन्। त्यसविरूद्ध दलहरूबीच राष्ट्रिय सहमति जस्तो देखिन्छ। अझ एमालेले त संस्थागत रूपमै सडक प्रदर्शनको तयारी गरिरहेको छ। कतिपयले एक्लो प्रसाईंसँग प्रमुख दलहरू देखिनुलाई अचम्म भनिरहेका छन्। तर घटनाक्रम र निर्णयहरूले प्रसाईंलाई गम्भीर रूपमै लिएको देखिन्छ। उनीहरूले प्रसाईंकै अभियानबाट व्यवस्था उल्टन सक्ने विश्लेषण गरिरहेका छन्। जबकी सत्ता र राजनीतिक नेतृत्वको प्राथमिकता अहिले प्रसाईं नभएर आमनागरिकको समस्या हुनुपर्ने थियो। भूकम्प पीडितको जीवन रक्षादेखि शितलहर र हिमपातबाट नागरिकको जीवन रक्षा गर्दै रोजगार, सुशासन नेतृत्वको एजेण्डा बन्नुपर्ने थियो। तर नागरिकका अत्यावश्यकीय काममा जोड दिएर अगाडि बढ्नुको साटो उल्टो बाटो हिडेको देखिन्छ। त्यसैले बुझ्नुपर्ने तथ्य हो- व्यवस्था प्रसाईंको अराजक अभियानबाट होइन, नागरिकको एजेण्डा सम्बोधन नगरिदा चाहिँ उल्टिन्छ।

# पश्चिमाको खेलमा युक्रेन

*युक्रेन देश, रूसका विरूद्ध लाग्नेहरूको हातमा रहेको एउटा औजार मात्र हो र रूसविरूद्धको आक्रमणको लागि एउटा 'स्प्रिङ्बोर्ड' मात्र हो। हालको संकटलाई रूस र युक्रेनबीचको द्विपक्षीय द्वन्द्वको रूपमा प्रस्तुत गर्ने पश्चिमाहरूद्वारा गरिएका हरेक प्रयासहरू कपटपूर्ण र असत्य छन्।*

समय-सन्दर्भ



● अलेक्सेई ए. नोभिकोभ

युक्रेनमा सरकार विरोधी प्रदर्शन सुरु भएको एक दशक नाघेको छ। २०१४ नोभेम्बर २१ को दिन युक्रेनी सडकमा ओर्लिएका थिए। त्यो आन्दोलनले अन्ततः तत्कालिन युक्रेनी समाजलाई दुई भागमा विभाजित गर्‍यो- जसमा एकले असंवैधानिक 'कू' स्वीकार गरे र अर्काले गरेनन्। यद्यपि, यो समाजमा भएको विभाजन मात्र थिएन, बरु यो आन्दोलन युक्रेनीका लागि नभएर पश्चिमाको उद्देश्य पूर्ति गर्ने गरी थियो। जहाँ पश्चिमाद्वारा वित्त पोषित गरिएको थियो। रुसी भाषाविरुद्धको लडाइँ, इतिहासको पुनर्लेखन र राष्ट्रवाद नाम दिइएको थियो। अन्ततः 'कू'को परिणामस्वरूप कट्टरपन्थी शक्तिहरू किभको सत्तामा आए। आज, एक दशकपछि, यो 'युक्रेनी संकट'को वास्तविक जराको साथसाथै यसको पछाडि उभिएका र अझै उभिरहेकाहरूलाई सम्झनु महत्वपूर्ण हुन्छ।

हालको अवस्था हिजो नै उत्पन्न भएको होइन, यो रूस र पश्चिमाबीचको ऐतिहासिक टकरावको प्रत्यक्ष परिणाम हो। रुसलाई रणनीतिक हिसाबले पराजित गराउने नाटो सदस्य राष्ट्रहरूको इच्छा र विश्व राजनीतिक नक्शाबाटै रूसलाई स्वतन्त्र शक्तिको रूपमा हटाउने इच्छाको कारण यो भएको हो। यसैबीच, तिनीहरूले पूर्व सोभियत संघ र रूसी साम्राज्यको साझा ऐतिहासिक, आर्थिक र आध्यात्मिक अवस्थालाई नष्ट गर्ने र युक्रेनी र रुसी जनताहरूबीचको शताब्दी पुरानो सम्बन्ध तोड्ने लक्ष्य राखेका थिए। यस सन्दर्भमा युक्रेन देश रुसका विरुद्ध लाग्नेहरूको हातमा रहेको एउटा औजार मात्र हो र रुसविरुद्धको आक्रमणको लागि एउटा 'स्प्रिङबोर्ड' हो। हालको संकटलाई रुस र युक्रेनबीचको द्विपक्षीय द्वन्द्वको रूपमा प्रस्तुत गर्ने पश्चिमाहरूद्वारा गरिएका हरेक प्रयासहरू कपटपूर्ण र असत्य छन्।

युक्रेनका तत्कालिन राष्ट्रपति भिक्टर यानुकोभिचले कमनवेल्थसँगको स्वतन्त्र व्यापार क्षेत्र सम्झौतामा कीभका प्रतिबद्धताहरूसँग अनुकूलताको मूल्यांकन गर्न युरोपेली संघ र युक्रेन एसोसिएसन सम्झौतामा हस्ताक्षर गर्न स्थगित गर्ने निर्णय गरेपछि युक्रेनमा सरकार विरोधी प्रदर्शनहरू आयोजना गर्न गराउन नाटो देशहरू लागेका थिए। यो स्वतन्त्र विदेशी राज्यहरूको आन्तरिक मामिलामा पश्चिमी देशहरूको हस्तक्षेपको अर्को उदाहरण पनि हो। उनीहरूले युक्रेनमा सशस्त्र विद्रोहको स्वीकृति र विरोधका लागि रकम उपलब्ध गराएका थिए। फलस्वरूप प्रभावकारी रूपमा नयाँ शक्तिहरूको उदय भएको थियो। यो शक्तिले डोनबास क्षेत्रमा रहेको एउटा उल्लेखनीय जनसंख्या (जसले शासन परिवर्तनलाई स्वीकार गरेका थिएनन्)विरूद्ध गृहयुद्ध सुरु गराएको थियो।

किभका नयाँ अधिकारीहरूको मूलधारको नीति नै रूस र सीआईएस राज्यहरूसँग गहिरो सहयोगको पक्षमा उभिएका कार्यकर्ताहरूलाई सताउने बन्यो। ओडेसाको हाउस अफ ट्रेड युनियन र २०१४ मा मारिउपोलमा रुसी समर्थक राजनीतिज्ञहरूको नरसंहार जस्ता नव-नाजी युक्रेनी शक्तिहरूद्वारा गरिएका राक्षसी अत्याचारहरूको अहिलेसम्म ठीकसँग अनुसन्धान भएको छैन।

आज किभले लगभग पूर्णरूपमा पश्चिमी आर्थिक र सैन्य समर्थनको कारण रूसविरुद्ध शत्रुताहरू प्रदर्शन गरिरहेको छ। विशेष सैन्य अपरेशनको शुरुवात भएदेखि, किभमा अहिलेसम्म यसको कुल सहयोगको रकमले १६० बिलियन डलरको आँकडा नाघेको छ, तुलनाको लागिः सन् २०२३ मा, सम्पूर्ण अफ्रिकी महाद्वीपमा वाशिंगटनको मानवीय सहायता ४ बिलियन रहेको छ। युक्रेनलाई दिइने हतियार र सैन्य उपकरणको आपूर्ति बढ्दै गएको छ, जसमा समाप्त भएको युरेनियम गोला र क्लस्टर हतियारहरू छन्। जुन अमानवीय हतियार हुन् र नागरिक र कृषि भूमि समावेश भएको क्षेत्रको पर्यावरणका लागि भयंकर खतरा हो।




चित्र : विपुल्स डिल्लीबाट

> *युक्रेनका तत्कालीन राष्ट्रपति भिक्टर यानुकोभिचले युरोपेली संघसँग सम्झौता गर्न अस्वीकार गरेपछि युक्रेनमा सरकार विरोधी प्रदर्शनहरू शुरू गराइएका थिए। यो स्वतन्त्र विदेशी राज्यहरूको आन्तरिक मामिलामा पश्चिमी देशहरूको हस्तक्षेपको अर्को उदाहरण पनि थियो। उनीहरूले युक्रेनमा सशस्त्र विद्रोहको स्वीकृति र विरोधका लागि रकम उपलब्ध गराएका थिए। फलस्वरूप प्रभावकारीरूपमा नयाँ शक्तिहरूको उदय भएको थियो।*

अमैत्रिय देशहरूका समझदार सम्भ्रान्तहरूले युक्रेनमा आर्थिक पोषणको व्यर्थता र रणभूमिमा जित्न नसक्ने कुरालाई बढ्दो रूपमा महसुस गर्ने तथ्यको बाबजुद, अमेरिका र यसका उपग्रहहरूले द्वन्द्वलाई अझ बढाउनको लागि हर सम्भव तरिकामा योगदान दिन जारी राखेका छन्। तिनीहरूले सक्रियरूपमा युक्रेनी सेनाको तालिममा लगानी गरिरहेका छन्, विश्वभरका 'हट स्पट'हरूबाट युक्रेनमा आउने विदेशी भाडाका सैनिकहरूको भर्तीमा पनि सहयोग गरिरहेका छन् र नाटो देशहरूको उपग्रह र जासुसी विमानहरूबाट जानकारीसहित नियमितरूपमा गुप्तचर साझेदारी पनि गरिरहेका छन्।

कुनै भ्रममा नपर्दा हुन्छ- किभ सामूहिक पश्चिम हो, जसले युक्रेनीको बलबुता र जीवनलाई दाउमा लगाएर युद्ध गरिरहेको छ। पश्चिमी उपकरणहरूको हकमा भन्ने हो भने, यसले सोचे झैं किभ शासनका प्रायोजकहरूको अपेक्षाहरू पूरा गरिरहेका छैनन्। अनुमानका अनुसार, आक्रमणका लागि आपूर्ति गरिएका उपकरणहरू कम्तिमा २० प्रतिशत पहिले नै नष्ट वा क्षतिग्रस्त भइसकेका छन् र युक्रेनी सशस्त्र सेनाहरू लडाई सञ्चालनको क्रममा रूसी सेनाको मुख्य रक्षा लाइनहरूमा पुग्न नै सकिरहेका छैनन्। यस प्रकारको उल्लेख्य नोक्सानीको कारण सैन्य हार्डवेयरको प्रयोगलाई जोगाउन, युक्रेनी कमाण्डले आफ्नो रणनीतिलाई तथाकथित 'मासु आक्रमण'को रणनीतिमा स्विच गरेको छः जसअनुरुप पश्चिमी हतियार बचाउनका लागि आफ्नो ज्यानको मूल्यमा पैदल सेनालाई नै माइनफिल्डमा रूसी प्रतिरक्षाहरू तोड्ने प्रयासका लागि पठाइयो।

युद्धका कैदीहरूको उपचारको सम्बन्धमा विद्यमान सन् १९४९ को जेनेभा महासन्धिको विपरीत, बन्दी बनाइएका रूसी सैनिकहरूलाई माइनफिल्डहरू खाली गर्न पठाइन्छ। यसका साथै, युक्रेनी नाजीहरूले आफ्ना घाइते सैनिकहरूलाई कुनै जैविक सामग्रीको रूपमा प्रयोग गर्छन्, प्रत्यारोपणका लागि तिनीहरूका अंगहरू काट्छन्।

युक्रेनको आवादीलाई आफ्नो असफल आक्रामक प्रयासहरूबाट विचलित गर्न, किभ शासनले रूसमा नागरिक र सामाजिक सुविधाहरूमा आतंकवादी हमलाहरू सुरु गर्छ, जसको परिणामस्वरूप असंख्य मृत्यु हुन्छ र घाइतेहरू हुन्छन्। यी गैरकानूनी कार्यहरूको पश्चिमी देशहरू र अन्तर्राष्ट्रिय संगठनहरूद्वारा निन्दाको अभावका कारण आतंककारी कारबाहीहरूको थप विस्तारमा सहयोग गरिरहेको छ। युक्रेनी अधिकारीहरूले निशस्त्र नागरिकहरूलाई मार्ने उद्देश्यले आतंकवादी हमलाहरूलाई "एक वैध, तार्किक र प्रभावकारी कदम" भनेका छन्।

यद्यपि, रूसले युक्रेनी संकटको राजनीतिक-कूटनीतिक समाधानमा कहिल्यै हार मानेको छैन, यसबारेमा बारम्बार भनिरहेको छ। सन् २०१४ मा युक्रेनी संकटको शुरुवातदेखि नै युक्रेनले खुलारूपमा लत्याएको 'मिन्स्क सम्झौता'को वकालत गरेर किभ शासन र डोनबास क्षेत्रहरूबीचको विवादको शान्तिपूर्ण समाधानमा योगदान पुऱ्याउने हरसम्भव प्रयास गरेकै थियो। जसलाई युक्रेनले एक उद्देश्यका साथ खुलेआम लत्याएको थियो, सैन्य बलद्वारा डोनबासमा सत्ता कब्जा गर्नको लागि समय लम्ब्याउन। फलस्वरूप, युक्रेनी सशस्त्र सेनाद्वारा डोनेट्स्क र लुहान्स्क जन गणतन्त्रको जनसंख्याको निरन्तर गोलाबारी र हत्याले रूसलाई सन् २०२२ मा उनीहरूको स्वतन्त्रतालाई मान्यता दिन र आफ्ना जनताको रक्षा गर्नका लागि बाध्य भएर विशेष सैन्य अपरेशन सुरु गर्नु बाहेक अरु कुनै विकल्प रहेन।

*(नोभिकोभ, नेपालका लागि रुसका राजदूत हुन्।)*

## सामाजिक सञ्जाल



**- गोकुल प्रसाद बाँस्कोटा**

तोलाको जिब्रो फटकार्नुभन्दा धार्नीको टाउको हल्लाउनु बेस भन्थे बुढापाकाले हो रैछ जस्तो लाग्न थाल्या छ। न सुनाएर कोही आफूसँग सहमत भयो भन्ने भ्रममा बस्नु पर्‍यो न अरुको कुरा सुनेर आफु भ्रमित हुनुपर्‍यो। नपाउनेको दुःख बुझिन्छ तर, पाउनेहरुको दुःखको रहस्य स्वार्थ र फगत स्वार्थ मात्र हो।



**- चन्द्र श्रेष्ठ**

लाखौं रकम खर्च गरेर, त्यो पनि जोखिम यात्रा तयसँगै नागरिकलाई विदेश पलायनको बाटो रोज्न बाध्य गराइने हाम्रो राज्यले, कमसेकम गर्न सके स्वदेशमा नै उपलब्धि हासिल गर्न सकिन्छ भन्ने जनविश्वास दिलाउन सके, यो मुलुकमा पनि सरकार एवम् राजनीतिक दलहरू छन् भन्ने आभास मिल्थ्यो कि !



**- नरेन्द्र राउले**

देशको माहोल 'दुर्गा प्रसाईं'को पक्षमा हैन, राज्य सत्ता, मनपरीतन्त्र, परिवारवाद, महँगी, भ्रष्टाचारविरुद्ध बन्दै गएको हो। प्रसाईं त एक पात्र मात्र हुन्, जसले जनताको आक्रोशको भाषा बोलिरहेका छन्। खुलेरै नेताविरुद्ध प्रतिपक्षभन्दा कडा भाषामा बोलिरहेका छन्।




**- बिराट अनुपम**

सत्ताले सुन तस्करी गरेकै हो। नक्कली शरणार्थी बनाएकै हो। नातागोता सेटिङ्ग गर्न राज्यदोहन गरेकै हो। भ्रष्टाचारको स्थानीयकरण र दलीयकरण गरेकै हो। निर्यातको नाममा युवा र उत्पादनको नाममा दल र तलबी नेता मात्रै भएकै हो। राजावादीलाई र दुर्गा प्रसाईंलाई भिलेन बनार मात्र यो माफी हुन्न।

## तपाईंको राशिफल

- मेष : जीवनसाथीको सहयोग प्राप्त हुनेछ। सम्मानमा वृद्धि हुनेछ।
- वृष : विद्यार्थीहरुको लागि राम्रो समय छ। खर्चमाथि नियन्त्रण राख्नुहोला।
- मिथुन : राजनैतिक कार्य सफल हुनेछ। उत्साहमा वृद्धि हुनेछ।
- कर्कट : अनावश्यक जिम्मेवारी लिनु हुँदैन। सन्तुलित आहार लिनुपर्छ।
- सिंह : आध्यात्मिक कार्यहरुमा रुचि बढ्नेछ। मांगलिक कार्य हुने योग छ।
- कन्या : रोजगारमा वृद्धि हुनेछ। जोखिम भएको कार्यमा नोक्सानीको योग छ।
- तुला : विनम्रतासित कार्य गर्नु राम्रो हुनेछ। शुभकार्यमा बढी खर्च हुने देखिन्छ।
- वृश्चिक : शत्रु कमजोर रहनेछ। सबै कार्यमा लाभको योग छ।
- धनु : प्रसन्नतामा वृद्धि हुनेछ। यात्राको लागि समय उत्तम छ।
- मकर : राजनैतिक सहयोग प्राप्त हुनेछ। शुभ सन्देश प्राप्त हुने योग छ।
- कुम्भ : वाणी संयम जरुरी छ। पारिवारिक उल्झनले अशान्ति पैदा गर्नेछ।
- मीन : जोखिमयुक्त कार्य गर्न मिल्दैन। शत्रु परास्त हुनेछन्।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# गणतन्त्रवादीको कमजोरी र दुर्गा प्रसाईं

टिप्पणी



● मेघराज भट्टराई

> *प्रसाईंहरू गणतन्त्रवादीहरूको कमजोरीबाट उत्पन्न भएका हुन्। राजनीतिमा उनीहरूको कुनै आधार छैन, जनतामा देखिएको वितृष्णा, निराशा र आक्रोशलाई उनीहरूले हतियार बनाएका छन्। तर बिडम्बना प्रसाईंसँग मूलधारका मानिने शक्ति नै कमजोर शैलीमा उपस्थित भइरहेका छन्।*

आज देशमा सबैभन्दा बढी चर्चा एमाले र मेडिकल व्यवसायी दुर्गा प्रसाईंबीचको नोकझोंकपूर्ण प्रतिस्पर्धाको छ। धेरैले 'एकजनाको पछि लागेर एमाले सिद्धिने भयो' भन्ने टिप्पणी गरिरहेका छन्। राजनीतिक ज्ञान नभएको व्यक्तिको स्थान माथि उठाउन एमाले अनौठो भूमिका यहाँ देखिन्छ। छेको मानवता हराए पछी के बोल्छ त्यो हतास भएको प्रमाण हो। राजनीति गर्ने व्यक्तिले सम्पूर्णलाई मिलाएर राष्ट्रिय अन्तराष्ट्रिय सम्बन्धलाई मिलाएर आफ्नो राष्ट्रिय हितमा कसरी अघि बढाउने भन्ने हेक्का राख्नुपर्छ।

मुद्दा कै कुरा गर्ने हो भने तत्कालिन माओवादीले उठाएको ४० बुँदे सर्त नराम्रो थिएन। आज देशको अवस्था यो हुनुको कारण कांग्रेसको फाँसीवादी नीति र माओवादीको अराजकता प्रमुख कारण हो। समस्या छन्, यसको निराकरण पनि छ तर, दलाली शैली पछ्याएका नेतृत्वबाट समाधानको सम्भावना छैन। रवि लामिछानेदेखि दुर्गा प्रसाईं अनि शेरबहादुर देउवादेखि केपी शर्मा ओलीसम्मको समकालिन नेतृत्वबाट यसको समाधान देखिन्न। यसको लागि यो देशको सञ्चालकको जगबाट परिवर्तन गर्नुपर्ने हुन्छ, त्यो हो सम्पूर्ण सिस्टमको आमुल परिवर्तन।

यहाँ नेताको मात्र कुरा छैन, यहाँको कर्मचारीतन्त्र ठीक नभएको कारण पञ्यायत असफल भएको हो, बहुदल आएपछि राम्रो होला भनेको त्यो पनि छ वर्ष चलेन। १० वर्ष द्वन्द्व गरेर सरकार सञ्चालन गरेको माओवादी केन्द्र पनि असफल बन्यो। विविधतरुपमा गणतन्त्र आएको पनि डेढ दशक भयो, तर यसले पनि जनतालाई राहतभन्दा आहत नै दिएको छ। तत्कालिन राजा महेन्द्रले यो देशलाई आद्योगिकीकरण गर्न शुरू गरेका थिए। भारतीय र युरोपियनका दलालहरूले जदौरी भीखमा दिएको घाटामा गएका सेतो हात्ती भनेर बन्द गराएका छन्। आज पनि कतिपय बिद्वान कहलिएका व्यक्तिले भन्ने कुरा यही हो। त्यो नै नेपाल सक्ने शक्ति हो। किनकी उद्योग राष्ट्रको लागि खोलेका थिए, त्यहाँ उत्पादन हुने चिनी, कपडा, जुत्ता, सिमेन्ट, कृषि औजार, टायर, औषधि यही देशका जनताको लागि थियो। यही देशका जनताले रोजगारी पाउँथे। भृकुटी कागज कारखानाबाट उत्पादित कागज बंगलादेश, इण्डोनेशियालगायत निर्यात गरिन्थ्यो। स्थानीय जनतादेखि कारखानामा काम गर्ने मजदुरसम्म योसँग जोडिएका थिए। आज खन्डहर भएका छन्। चुरे पहाडको बनकस वर्षेनि डढेलो लागेर बिनास मात्र भएको छ।

भ्रष्टाचार र विकृति रोक्ने, नीति नियम पालना गराउने, विधिको शासन स्थापित गर्ने विषय आजको आवश्यकता हो। ५० हजारको बाइक र दुई/तीन लाखको कार चढ्ने सपना देखाएर भारतको प्रान्त बनाऊँ भन्नेको पछि लाग्ने कि यहीं उत्पादन गरौं, सस्तोमा प्रयोग गरौं भन्नेतर्फ लाग्ने ?

नेपालको कुल जनसंख्या तीन करोड पुगेको छैन। तर, यो संख्या त्यति कम पनि होइन। हामीलाई चाहिने औषधि, मल, खाद्यान्न, लत्ता कपडा, गाडी पाटपुर्जा, हामी आफैं उत्पादन गर्ने यहाँ खपत नभएको सामान निर्यात गर्ने, शिक्षा र स्वास्थ्य राष्ट्रियकरण गर्ने, किसानको लागि बीउ, मलखाद, जमीन र उत्पादित वस्तुको बाजारीकरण राष्ट्रले गर्नुपर्छ। यसरी काम गर्ने बेला प्रमुख तगारो यहाँको कर्मचारीतन्त्र नियम नीति नै बाधक बन्ने छन् र बनेका पनि छन् ?

आज सेना तथा प्रहरी मात्र होइन, सम्पूर्ण सरकारी कार्यालयका उपल्ला तहका कर्मचारीहरू कहीँ न कहीँ विदेशिको लागि काम गर्ने बनेका छन्। यसका प्रमाणहरू हाम्रो अगाडि छन्। तत्कालिन महेन्द्रको हत्या, मदन भण्डारी हत्याकाण्ड, राजा विरेन्द्रको वंशनाश, पत्रकार जमीम शाहको हत्यालगायत देखिने प्रमाण हुन्। नदेखिने भित्र माइक्रो म्यानेजमेन्टको कुरा सर्वसाधारणलाई थाहा हुँदैन। त्यसैले दुर्गा प्रसाईंको पछि लागेर या रवि लामीछानेको पछि लागेर, ज्ञानेन्द्र शाहलाई फेरि राजा बनाएर पनि समस्या समाधान हुँदैन।

जहिलेसम्म नयाँ जग बसालेर, नयाँ संरचना निर्माण गरिँदैन, यत्ति कुरा बुझ्नु देश अगाडि जाँदैन। एमाले जस्तो अडान नभएको, स्पष्ट नीति नभएको राजनीतिक पार्टी जनपक्षीय काम गर्न नसकेको कुरा त महाकाली सम्झौता र नागरिकता विधेयक अनि एमसीसी जस्ता सम्झौताबाट प्रष्ट छ तर, पनि एमालेप्रति जनताको विश्वास चाहीँ सानो थिएन। पछिल्लो निर्वाचनमा कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी, राष्ट्रिय जनमोर्चालगायत मिलेर लड्दा पनि दोस्रो बलियो पार्टी बन्न सफल हुनु भनेको एमालेको संगठन बलियो हुनु नै हो। त्यो बलियो संगठनले राष्ट्रियताको पक्षमा किन काम गर्न सक्दैन ? जवाफ खोजी हुनु आवश्यक छ।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



# रुकुम पश्चिममा जिप दुर्घटना, दुई जनाको मृत्यु



**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, ४ मंसिर

रुकुम पश्चिममा भएको जिप दुर्घटनामा परी दुई जनाको मृत्यु भएको छ । दुर्घटनामा परी गम्भीर घाइते भएका चौरजहारी नगरपालिका १३ का मस्तबहादुर ओली र सानीभेरी गाउँपालिका २ का २ वर्षीय बालक प्रतीक बुढामगरको उपचारका क्रममा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । जिप दुर्घटनामा गम्भीर घाइते भएका ६ जनालाई थप उपचारका लागि जिल्ला बाहिर रिफर गरिएको छ । जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमका प्रहरी नायब उपरिक्षक नमराज भट्टराईका अनुसार दुर्घटनामा घाइते चौरजहारी नगरपालिका वडा नम्बर १४ की ४ वर्षीया डिला बिष्ट र सानीभेरी गाउँपालिका वडा नम्बर २ निवासी सपना बुढाको नेपालगञ्जमा उपचार भइरहेको छ । यस्तै गम्भीर घाइते भएका अन्य ४ जनाको सुर्खेतमा उपचार भइरहेको प्रहरीको भनाइ छ । चौरजहारी नगरपालिकावडा नम्बर ११ का रण बहादुर ओली, वडा नम्बर १४ का प्रेम परियार, कविता परियार र वड नम्बर १० का प्रविर पुनको सुर्खेतमा उपचार भइरहेको छ ।

सोमबार बिहान चौरजहारी नगरपालिका ८ को गोईरीज्युलामा लु १ ज २२९७ नम्बरको जिप अनियन्त्रित भएर दुर्घटना भएको थियो । अन्य घाइते सबैको चौरजहारी मिसन अस्पतालमा उपचार भइरहेको छ । क्षमता भन्दा बढी यात्रु बोकेको उक्त जिप अनियन्त्रित हुँदा करिब तीन सय मिटर तल खसेको बताइएको छ । चौरजहारीबाट जिल्ला सदरमुकाम मुसीकोटतर्फ जाँदै गरेको जिप दुर्घटना भएको हो ।

# सैनामैना महोत्सवः साढे ३ लाख दर्शक र ५ करोडको व्यापार गर्ने लक्ष्य




**प्रदिप ज्ञवाली/मध्यान्ह**
सैनामैना, ४ मंसिर

रुपन्देहीको सैनामैनामा बुधबारदेखि छैठौं राष्ट्रिय सैनामैना कृषि, पर्यटन, औद्योगिक तथा प्रविधि, व्यापार महोत्सव २०८० शुरु हुने भएको छ । महोत्सवले तीनलाख पचास हजार दर्शक भित्र्याउने र पाँच करोड बराबरको व्यापार गर्ने लक्ष्य राखेको छ ।

सैनामैना उद्योग वाणिज्य संघको आयोजनामा सैनामैना नगरपालिका ३ मुर्गियाको पुरानो हाटबजार एवम् दुर्गामन्दिर परिसरमा हुने महोत्सव मंसिर १७ गतेसम्म सञ्चालन हुने सोमबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको छ । महोत्सवको तयारी तीब्र गतिमा भइरहेको महोत्सव आयोजक सैनामैना उद्योग वाणिज्य संघले जनाएको छ । महोत्सव मूल आयोजक समितिका संयोजक तथा सैनामैना उद्योग वाणिज्य संघका अध्यक्ष प्रेमबहादुर खड्काले महोत्सवमा स्थानीय कृषि उत्पादनलाई प्राथमिकता दिने बताए । उनले सैनामैना पुरातात्विक क्षेत्रको ऐतिहासिक स्थल पनि भएकोले महोत्सवबाट उद्योग व्यापारको प्रवर्द्धन, धार्मिक एवं सांस्कृतिक क्षेत्रको संरक्षण र लोक संस्कृतिको जगेर्ना गर्न सहयोग पुग्ने विश्वास लिएको बताए ।

संघका महासचिव लोकनाथ अधिकारीले महोत्सवमा औद्योगिक उत्पादनको प्रदर्शनी, स्थानीय कृषि उत्पादनको प्रदर्शनी र स्थानीय कला संस्कृतिको प्रदर्शनी हुने बताए । अधिकारीका अनुसार महोत्सवमा स्थानीय कला संस्कृतिको संरक्षण गर्न मद्दत पुग्नुका साथै स्थानीय उत्पादन र कृषिको प्रदर्शनी गरिने छ । उनले विगतको भन्दा यसपटक फरक तरिकाले महोत्सवको आयोजना गर्न लागिएको बताए । महोत्सवमा युवा उद्यमशीलता गोष्ठी तथा युवा उद्यमी सम्मान कार्यक्रम गरिने आयोजकले जनाएको छ । त्यस्तै महोत्सवका अवसरमा सैनामैनाभित्र रहेका पर्यटकीय स्थलहरुको प्रचार-प्रसार, पर्यटकीय स्थलहरुको फोटो प्रदर्शनी, सैनामैनाको पर्यटकीय सम्भावना बारे गोष्ठी तथा अन्तरक्रिया लगायतका कार्यक्रम आयोजना गरिने भएको छ । महोत्सवको आकर्षणको रुपमा हरेक दिन सांस्कृतिक कार्यक्रम, राष्ट्रिय तथा स्थानीय कलाकारहरुको प्रस्तुती, नगरस्तरीय विद्यालय लोक नृत्य प्रतियोगिता, डान्सिङ आइडल, मम्मी डान्स प्रतियोगिता पनि रहने छन् । त्यसैगरी भजन प्रतियोगितासँगै लोकदोहोरी र ऱ्याप गीत प्रतियोगिता पनि महोत्सवको आकर्षण हुने महोत्सवको सांस्कृतिक कार्यक्रम संयोजक कृष्ण पोखरेलले बताए ।

महोत्सवको साढे ३ लाख दर्शकले अवलोकन गर्ने तथा ५ करोड बढीको कारोबार हुने अपेक्षा राखिएको आयोजकले जनाएका छन । महोत्सवमा सर्वसाधारणको लागि ८० रुपैयाँ र विद्यार्थीहरुका लागि ५० रुपैयाँ टिकट शुल्क तोकिएको छ । ज्येष्ठ नागरिक तथा अपांगता भएका, असहायको लागि भने निःशुल्क प्रवेशको व्यवस्था गरिएको छ । महोत्सवले सैनामैनासँगै यस क्षेत्रको उद्योग व्यापार र लोक संस्कृति संरक्षण तथा प्रवर्द्धनमा टेवा पुग्ने आयोजकले जनाएका छन् । महोत्सव स्थलमा अहिले मञ्च निर्माण, स्टल व्यवस्थापन लगायतका काम भइरहेको छ ।


## बार्षिक साधारण सभा सम्वन्धि सूचना

यस विश्वरुप वचत तथा ऋण सहकारी संस्था लिं को १५औ बार्षिक साधारण सभा निम्न मिति र स्थानमा हुने भएकोले यस संस्थाका सम्पुर्ण शेयर सदस्य माहानुभावहरुमा उपस्थितिको लागी यो सुचना प्रकाशित गरिको छ ।

**स्थानः- जुम क्याफे, चाबाहिल।**
**मितिः- २०८०/०८/२३ गते शनिवार**
**समयः-विहान १०:०० वजे**

**विश्वरुप वचत तथा ऋण सहकारी संस्था लिं**
**फोन नं ४५८३५९६**



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी: Faster Manpower
शहर: DOHA

पूर्व स्वीकृत मिति: २०८०/०७/२४ चलानी नं.: ६०२१००५४ L.T. No.: 294927

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Clean Worker | 0 | 1 | स. काममा दक्ष | 1000 | ३६४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : CHL FOAM INDUSTRIES SB शहर: KUALA LUMPUR
पूर्व स्वीकृत मिति: २०७९/०३/२९ चलानी नं.: ६०१८३१६९ L.T. No.: 267257 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing | 70 | 0 | स. काममा दक्ष | 1500 | ४२,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर १२ गते (28 Nov 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**RADIANT OVERSEAS P. LTD.**
Tinkune-32, Kathmandu, Nepal | Tel: +977 1 - 4111196 / 4117963
Email: radiant.overseasktm@gmail.com
Govt Lic. No. 1016/068/069



## KUWAIT मा रोजगार

कम्पनी : MAYA TEX RESTAURANT COMPANY
शहर: Kuwait

पुर्व स्वीकृत मिति: २०८०/०५/०४ चलानी नं.: ६०२०६५४८ LT. No.:291360 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | kitchen helper | 7 | 0 | स. काममा दक्ष | 120 | ५१,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० मंसिर १२ गते (28 Nov 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**TIRUPATI H.R. SOLUTION PVT. LTD.**
Sinamangal-9, Airport, Kathmandu, Nepal. Tel: 01-5911215
Email tirupatihrsolution@gmail.com/www.tirupatihr.com.np
श्रम ई. पत्र नं.: १५४४/०७८/०७९



## Bahrain मा रोजगार

Jemi Line Salon & Spa, Isa Town

पुर्व स्वीकृती मिति: २०८०/०८/०३ चलानी नं. ६०२१०२१३ LT No.: 295225

| सि. नं. | कामदारको पद | माग संख्या महिला | न्यूनतम योग्यता | BD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Beauticians | 2 | सम्बन्धित काममा दक्ष तथा अनुभवी | 150 | ५२,७९४।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |
| २. | Hair Dressers | 2 | | 150 | ५२,७९४।- | | | | | | | |
| ३. | Manicurists | 2 | | 150 | ५२,७९४।- | | | | | | | |
| ४. | Massage & Facial Therapists (Masseur) | 2 | | 150 | ५२,७९४।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ता २०८० मंसिर १२ गते (28 Nov, 2023) यस प्रा. लि. को कार्यालय धुम्बाराही, काठमाडौंमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफुसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

**Tiger Overseas Employment Services Pvt. Ltd.**
Kathmandu-4, Prakash Marg, Dhumbarahi, 01-4518997
Email : info@tigeroverseas.com.np, Website: www.tigeroverseas.com.np
Govt Lic. No: 335/059/060



## जापानमा रोजगार

कम्पनी : East Kanto Trade Promotion Business Cooperative
शहर: Japan,Kamiza, Sakura

पूर्व स्वीकृत मिति: २०८०/०८/०४ चलानी नं.: ६०२१०२२९ LT. No.: 295109

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | Japanese Yen | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Frame Working (Farming Construction work) | 3 | 0 | स. काममा दक्ष | 174000 | १५४,५१२ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छैन | छ | ३ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर १२ गते (28 November 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ३० वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्बन्धि कामको निमित्त सम्बन्धित उद्योग, उद्यम वा सम्बन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरुः**
(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्बन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजको प्रतिलिपि ।

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति** : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको ) कुल खर्च** : नि:शुल्क
**३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान, छनौट तरिका, अन्तर्वार्ता** : प्रा. लि. को कार्यालय ।
**नोट** : वैदेशिक रोजगार ऐन २०६४ को दफा ९ वमोजिम महिला, दलित, आदिवासी, जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवंम दुर्गम क्षेत्र तथा दैविक प्रकोप पिडित व्यतिलाई नेपाल सरकारले तोके वमोजिमको संख्यामा आरक्षण प्रदान गरिनेछ ।

**बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :**
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस् ।
२) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् ।
३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस् ।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् ।
५) अनिवार्य रुपमा विमा गराउनुहोस् ।
६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसँग राख्नुहोस् ।
७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस् । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा बुझ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ ।
८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोस् ।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् ।
१०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् ।
११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।

**द्रष्टव्य : यस विषयमा थप केही कुरा बुझ्नु परेमा यस प्रा. लि. मा सम्पर्क गर्न सक्नुहुनेछ ।**

**पाल्ही ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ५९४/०६२/०६३
जि.पि.ओ. बक्स: ९७८०, लोसाल अन्नपूर्णमार्ग,चप्पलकारखाना, काठमाडौं, फोन: ०१-४०१५७९२, ४०१५६५५
E-mail: info@palhioverseas.com | Website: www.palhioverseas.com



## UAE मा रोजगारको अवसर

१. कम्पनी: POWER SECURITY SERVICES
शहर: DUBAI

पूर्व स्वीकृत मिति: २०७९/०५/०५ चलानी नं.: ६०१८५८१३ L.T. No.: 270121 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard - DPS | 14 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,४२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Guard (PSBD) | 21 | 0 | | 2000 | ७२,३८० | | | | | | | |

कम्पनी: POWER CLEANING SERVICES & BUILDING MAINTENANCE (L.L.C.) शहर: UAE
पूर्व स्वीकृत मिति: २०७९/१२/०६ चलानी नं.: ६०१९८४३७ L.T. No.: 282954 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 450 | 50 | स. काममा दक्ष | 900 | ३२,५७१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० मंसिर १२ गते (28 Nov 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**गोर्खा ह्युमन रिसोर्स सोलुसन प्रा. लि.**
श्रम इजाजत नं. ७७९/०६५/०६६
Pulchowk, Lalitpur | Tel: 5409108 , 5450061 | Email:-gorkhahrs779@gmail.com
Mobile: 9849835502, 9818106406, 9813571379, 9802853456
Chitwan : 9865087111 Ithari : 9851060167, Phokhara: 9802853454



## साउदीमा रोजगार

कम्पनी: AL SEEF ALSHARQI COMPANY BRANCH
शहर : Saudi Arabia, Qatif

पूर्व स्वीकृत मिति: २०८०/०८/२ चलानी नं.: ६०२१०२०५ LT. No.: 295151

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food & Beverage Counter Worker | 1 | 0 | स. काममा दक्ष | 1500 | ५३,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: AL SEEF ALSHARQI COMPANY BRANCH शहर : Saudi Arabia, Qatif
पूर्व स्वीकृत मिति: २०८०/०८/२ चलानी नं.: ६०२१०२०४ LT. No.: 295150

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food And Beverage Counter Worker | 4 | 0 | स. काममा दक्ष | 1000 | ३५,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: GULF ARCHITECTS CONSTRACTING COMPANY शहर : Dammam
पूर्व स्वीकृत मिति: २०८०/०८/२ चलानी नं.: ६०२१०२०२ LT. No.: 295149

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 20 | 0 | स. काममा दक्ष | 1000 | ३५,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० मंसिर १२ गते (28 Nov 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Nepal Life Recrutiment Agency Pvt. Ltd.**
Govt. Lic. No. 1476/074/075
Gaushala, Kathmandu, Nepal, , Tel:4598920.
Mob. : 98510 76290, 98010 76290, E-mail: nepallifera1476.2017@gmail.com



## कतारमा रोजगार

कम्पनी : ANSAR GALLERY
DOHA

पूर्व स्वीकृत मिति: २०७९/०५/२८ चलानी नं.: ६०१८७६४१ LT. No.: 271889 पून विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Supervisor | 4 | 0 | सम्बन्धित काममा दक्ष | 3000 | १०९४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Storekeeper | 2 | 0 | | 1900 | ६९२९३ | | | | | | | |
| 3. | Salesman | 2 | 0 | | 1300 | ४७४११ | | | | | | | |

कम्पनी : ANSAR GALLERY DOHA
पूर्व स्वीकृत मिति: २०७९/०९/२६ चलानी नं.: ६०१९४८७७ LT. No.: 279377 पून विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 3 | 0 | स. काममा दक्ष | 1700 | ६१९९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electric | 1 | 0 | | 1100 | ४०११७ | | | | | | | |
| 3. | General Supervisor | 1 | 0 | | 3000 | १०९४१० | | | | | | | |
| 4. | Labour | 2 | 0 | | 1000 | ३६४७० | | | | | | | |
| 5. | Presser | 1 | 0 | | 1000 | ३६४७० | | | | | | | |
| 6. | Public Administrative | 0 | 2 | | 2000 | ७२९४० | | | | | | | |
| 7. | Receptionist | 1 | 0 | | 1100 | ४०११७ | | | | | | | |
| 8. | Salesman | 1 | 0 | | 1300 | ४७४११ | | | | | | | |
| 9. | Storekeeper | 1 | 0 | | 1900 | ६९२९३ | | | | | | | |
| 10. | Supervisor | 1 | 0 | | 3000 | १०९४१० | | | | | | | |
| 11. | Supervisor-sala Area | 3 | 0 | | 3000 | १०९४१० | | | | | | | |

कम्पनी : ANSAR GALLERY शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७८/११/२५ चलानी नं.: ६०१७५६३४ LT. No.: 258851 पून विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 0 | 2 | सम्बन्धित काममा दक्ष | 1000 | ३६४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Receptionist | 0 | 1 | | 1100 | ४०११७ | | | | | | | |
| 3. | Salesman | 0 | 1 | | 1300 | ४७४११ | | | | | | | |
| 4. | Labourer | 1 | 0 | | 1000 | ३६४७० | | | | | | | |
| 5. | Salesman | 3 | 0 | | 1300 | ४७४११ | | | | | | | |
| 6. | Supervisor | 3 | 0 | | 3000 | १०९४१० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर १२ गते (28 Novermber 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Pasa INTERNATIONAL PVT. LTD.**
"A friend at your service"
Kupondol, Lalitpur, Tel: 5439331, 5454499
Web: www.pasainternational.com.np
Email: pimt@pasa.wlink.com.np, pimt@pasainternational.com.np
श्रम इजाजत पत्र नं. ११६/०५५/५६



## कुवेत मलेसिया र साउदीमा रोजगार

कम्पनी: KUWAIT DIP N DIP RESTAURANT CO. शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०७८/१२/२१ चलानी नं.: ६०१७७२५१ LT. No.: 260905 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Accountant | 2 | 0 | सम्बन्धित काममा दक्ष | 230 | ९९१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Barista | 11 | 12 | | 150 | ६४६५० | | | | | | | |
| 3. | cleaner | 50 | 0 | | 100 | ४३१०० | | | | | | | |
| 4. | H R | 0 | 1 | | 230 | ९९१३० | | | | | | | |
| 5. | Receptionist | 0 | 1 | | 180 | ७७५८० | | | | | | | |
| 6. | Waiter/Waitress | 12 | 23 | | 130 | ५६०३० | | | | | | | |

कम्पनी: Diyou Fibre (M) Sdn. Bhd शहर: Negeri Sembilan
पूर्व स्वीकृत मिति: २०७९/११/२१ चलानी नं.: ६०१९७५३८ LT. No.: 282004 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 64 | 0 | स. काममा दक्ष | 1500 | ४२,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी: NESMA UNITED CO शहर: JEDDAH
पूर्व स्वीकृत मिति: २०८०/०५/०७ चलानी नं.: ६०२०६६७० LT. No.: 291471 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 8 | 0 | स. काममा दक्ष | 1300 | ४६,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० मंसिर १२ गते (28 Nov 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

